माननीय प्रदेश प्रमुख श्री नजिर मियाँले
२०८३ जेठ १८ गते सोमबारका दिन
प्रदेश सभामा प्रस्तुत गर्नुभएको

सुदूरपश्चिम प्रदेश सरकारको
आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम

# सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली

**माननीय सभामुख महोदय,**

**माननीय सदस्यहरू,**

सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखको हैसियतले प्रदेश सभाको यस गरिमामय बैठकलाई सम्बोधन गर्दा मलाई खुसी लागेको छ। यस अवसरमा म मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण प्रातः स्मरणीय ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते तथा बेपत्ता नागरिकलाई उच्च सम्मान प्रकट गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुहुने नेतृत्वकर्ता एवम् सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुर्‍याएको योगदानलाई आदरपूर्वक स्मरण गर्दछु ।

प्रदेशको विकास र जनसेवा प्रवाहमा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न तथा कानूनको शासन, आर्थिक अनुशासन तथा स्रोत साधनको कुशल व्यवस्थापन जस्ता आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासनको प्रत्याभूति दिने कुरामा सुदूरपश्चिम प्रदेश सरकार सदैव अग्रसर रहिआएको कुरा स्मरण गर्न चाहन्छु। साथै सुदूरपश्चिम प्रदेशको चालु आर्थिक बर्षको नीतिगत प्राथमिकता र

बार्षिक बजेट तथा कार्यक्रमद्वारा निर्दिष्ट लक्ष्यहरू समयमै पूरा हुने कुरामा समेत विश्वास लिएको छु ।

यसै सन्दर्भमा, विगत बर्षका अनुभव र नतिजाका आधारमा सुदूरपश्चिम प्रदेशका साथै मुलुकको बृहत्तर हितमा समर्पित रहँदै सामाजिक न्यायसहित समृद्ध र समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्न सहयोग मिल्ने अपेक्षासहित आगामी आर्थिक वर्ष २०८३/८४ को लागि प्रस्तुत हुने प्रदेश सरकारको नीति तथा कार्यक्रमको कुशल कार्यान्वयनबाट अपेक्षित उपलब्धी र नतिजा प्राप्त हुने कुरामा विश्वस्त छु ।

**माननीय सदस्यहरू,**

आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षासहित हासिल हुने प्रगति प्रदेश सरकारको वार्षिक प्रगति प्रतिवेदनमा प्रस्तुत हुने नै छ । अब म सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१. संघ र प्रदेशको चालु आवधिक योजना एवं आगामी दोश्रो पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य, प्राथमिकताका साथै पहिलो पञ्चवर्षीय योजना कार्यान्वयनबाट सिकेका पाठ र हासिल गरेका उपलब्धीको आधारमा क्षेत्रगत आयोजनाहरूमा विनियोजन सन्तुलन कायम हुने गरी आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ। आयोजना छनौट तथा प्राथमिकीकरण प्रक्रियालाई परिणाममुखी बनाउन आयोजना छनौट सम्बन्धी मापदण्ड र आयोजना बैंकलाई आधार लिई कार्यक्रम विकास र कार्यान्वयन गरिनेछ ।

२. प्रदेश गौरवका आयोजनाहरू आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन, सहजीकरण, समन्वय र नियमन गर्ने प्रबन्ध मिलाइनेछ । खानेपानी

तर्फका अधुरा आयोजना सम्पन्न गर्न बाहेक प्रदेश सरकारबाट रू. २५ लाख भन्दा कम लागतका विकास आयोजनाहरूमा बजेट विनियोजन नगर्ने र रू. २५ लाख भन्दा कम लागतका आयोजनाहरू कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट कार्यान्वय गरिने नीति लिइनेछ ।

३. प्रदेशको राजस्व प्रशासनलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग, संस्थागत क्षमता अभिवृद्धि, करको दायरा विस्तार र कर सहभागिता एवं राजश्व अभिवृद्धि गर्न पाँच बर्षे कार्ययोजना सहित प्रदेश राजस्व सुधार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

४. सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउँदै अनुत्पादक खर्चमा कटौती गरिनेछ । सार्वजनिक खर्चमा वित्तीय अनुशासन कायम गरिनेछ । बेरुजु फछ्र्यौट तथा सम्परीक्षण कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस गरिएका आधारहरुलाई अवलम्बन गर्दै सशर्त अनुदान तर्फको वित्तीय हस्तान्तरणलाई न्यायोचित, पारदर्शी र कार्यसम्पादनमा आधारित बनाइनेछ ।

६. **"प्रदेश प्रमुख स्टार्टअप कार्यक्रम"** मार्फत सीप विकास कार्यक्रम सञ्चालन गरी नवयुवाहरुमा उद्यमशीलता प्रवर्द्धन गर्दै स्वरोजगार अभिवृद्धि गर्न प्रदेश स्वरोजगार विकास कोषको क्षमता अभिवृद्धि गरिनेछ । वैदेशिक रोजगारबाट फर्किएका, द्वन्द्व प्रभावित, अपाङ्ग, घाइते, शहीद परिवार, एकल महिला, मुक्त कमैया, कमलरी, हलिया, दलित, बादी, राजी, राउटे, गरिबीको रेखामुनि रहेका वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवायुवतीका लागि कोषले तालिम प्रदायक निकायहरूसँगको सहकार्यमा सीपमूलक तालिम सञ्चालन तथा सहुलियत व्याजदरमा कर्जा प्रदान गरिनेछ।

७. प्रादेशिक अर्थतन्त्रको सबलीकरणका लागि पूर्वाधार निर्माण र उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण सृजना गरी सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । प्रदेशमा लगानीकर्तालाई आकर्षित गर्न सरोकारवालाहरूसँगको सहकार्य र समन्वयमा **प्रदेश लगानी तथा विकास सम्मेलन** आयोजना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

८. सूचना र तथ्यमा आधारित नीति तर्जुमा र निर्णय प्रणाली विकास गर्न एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ । प्रदेशस्तरीय तथ्याङ्क सङ्कलन र व्यवस्थापनलाई संस्थागत एवं सदृढीकरण गरिनेछ ।

९. प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन अनुगमन प्रणाली सुदृढ गरिनेछ। आयोजनाहरूको अनुगमन तथा मूल्यांकनलाई नतिजामुखी बनाउन आवश्यक कानूनी व्यवस्था गरी सूचना प्रविधिमा आधारित एकीकृत अनुगमन प्रणाली र एकीकृत विद्युतीय अभिलेखिकरण प्रणाली स्थापना गरिनेछ।

**माननीय सदस्यहरू,**

१०. प्रादेशिक सडक यातायात गुरुयोजनाको प्राथमिकताको आधारमा प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्गहरु लगायत प्रदेशका अन्य महत्वपूर्ण सडकहरूको विकास, बिस्तार र स्तरोन्नति गरिनेछ । सडक सञ्जालसँग नजोडिएका स्थानीय तह साईपाल गाउँपालिका, अपिहिमाल गाउँपालिका र स्वामीकार्तिक खापर गाउँपालिका लगायतको केन्द्रलाई प्रादेशिक तथा स्थानीय सडक सञ्जालसँग जोड्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११. सडक पूर्वाधारलाई उत्पादनसँग जोड्न कृषि उत्पादन क्षेत्र देखि प्रदेश लोकमार्ग, राजमार्ग वा बजारसम्म जोड्ने सडकलाई **"कृषि आर्थिक पहुँच मार्ग"** का रुपमा बहुउपयोगी हुनेगरी प्राथमिकताका साथ निर्माण गरिनेछ ।

१२. प्रदेश सडक सञ्जाल गुरुयोजना अन्तर्गत निर्माण सम्पन्न भएका कालोपत्रे सडकहरुमा बाह्रै महिना सहज आवागमनका लागि **सडक मर्मत सम्भार समूह** मार्फत नियमित मर्मत गर्ने र यसमा समावेश भएका सडकहरुको क्षति र सडक अवरुद्धको सूचना प्राप्त भएको ७२ घण्टाभित्र प्राविधिक टोलीले सम्बोधन गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

१३. सूदुरपश्चिम प्रदेशको चिसापानी देखि कर्णाली प्रदेशको सुर्खेत जोड्ने सडक खण्डको स्तरोन्नती एवं कालोपत्रे कार्यलाई शीघ्र सम्पन्न गरी आवागमन सहज गर्न संघ सरकार र कर्णाली प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१४. प्रदेशको कार्यक्षेत्र अन्तर्गत पर्ने निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरुको तथ्याङ्क संकलन गरी आवधिक मर्मत सम्भार गरिनेछ । साथै, सडक सुविधा नपुगेका दुर्गम स्थान, पदमार्ग र घोडेटो बाटोमा आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१५. प्रदेशका सबै घरपरिवारलाई आधारभूत खानेपानी सेवा पुऱ्याउन "आधारभूत खानेपानी" कार्यक्रम र खानेपानी सबैको पहुँचमा पुऱ्याउन **"एक घर, एक धारा"** कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१६. तटबन्ध, बायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जलउत्पन्न प्रकोप नियन्त्रण र योजनावद्ध नदी व्यवस्थापन गरी जमिन उकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७. भूमिगत र सतह सिँचाइका अतिरिक्त टार तथा उच्च भू-भागहरुमा लिफ्ट प्रविधिमा आधारित सिँचाइ आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिईनेछ। कृषि पकेट, ब्लक, जोन र सुपर जोन क्षेत्रहरूलाई प्राथमिकतामा राखेर सिँचाइ आयोजनाहरूको निर्माण गर्नेगरी **एकीकृत कृषि-सिँचाइ आयोजना** कार्यान्वयन गरिनेछ ।

१८. अशक्त, असहाय, विपन्न, लोपोन्मुख, सीमान्तकृत, दलित समुदाय, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका नागरिकलाई सुरक्षित आवासको व्यवस्था गर्न **जनता आवास कार्यक्रम**लाई निरन्तरता दिइनेछ । सरकारी कार्यालयका भवनहरुको निर्माण, मर्मत, सुधार तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । बसाँइ-सराइको चापलाई मध्यनजर गर्दै बसाँइ-सराइको उच्चदर भएका स्थानमा एकिकृत बस्ती विकासको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

१९. सवारी साधन र चालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र अर्काइभिङ गरिनेछ । यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाई चालक अनुमतिपत्र, सवारी साधन दर्ता, नविकरण, राजश्व भुक्तानी लगायतका सेवाहरु अनलाइन प्रणालीसँग आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**माननीय सदस्यहरू,**

२०. **"मुख्यमन्त्री लघु उद्यम कार्यक्रम"** मार्फत प्रदेशमा रोजगारी एवं स्वरोजगारी सिर्जना गरी बढ्दो जनशक्ति पलायन रोक्नका लागि आवश्यक पहल गरिनेछ । गरिबी न्यूनीकरण गर्ने कार्यक्रमलाई शिक्षा, स्वास्थ्य, पोषण कार्यक्रमसँग आवद्ध गरी विशेष गरी उच्च गरिबीका दर भएका स्थानीय तहहरू अछामको ढकारी गाउँपालिका र कमलबजार नगरपालिका, डोटीको शिखर नगरपालिका, बाजुराको त्रिवेणी नगरपालिका र बैतडीको सिगास गाउँपालिका र शिवनाथ गाउँपालिकामा सघनरूपमा सञ्चालन गरी लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याइनेछ ।

२१. प्रदेशमा उपलब्ध कच्चा पदार्थको अधिकतम उपयोग गर्ने खालका उद्योग स्थापना र सञ्चालनमा जोड दिईनेछ । लघु, घरेलु तथा साना उद्योगहरुको स्तरोन्नती तथा आधुनिकीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । लघु, घरेलु तथा साना उद्योगहरुको उत्पादनलाई मेला, महोत्सव, प्रदर्शनी मार्फत बजारीकरणमा टेवा पुऱ्याइनेछ ।

२२. संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापना र निर्माणको लागि पहल गरिनेछ । नेपाल सरकार, स्थानीय तहसँग र निजी क्षेत्र समेतको समन्वय र सहकार्यमा **"एक स्थानीय तह, एक लघु औद्योगिक ग्राम"** कार्यक्रमलाई विस्तार गरिनेछ ।

२३. महिला, आदिवासी जनजाति, राउटे, राजी, दलित, अपाङ्ग, द्वन्द्व पीडित, सशस्त्र संघर्ष, जनआन्दोलनका घाइते, सहिद परिवार, एकल महिला लगायत आर्थिक एवम् सामाजिक रूपले पिछडिएका समुदायको उत्थानका लागि **"दशरथ चन्द सीपमूलक एवं क्षमता अभिवृद्धि कार्यक्रम"** लाई निरन्तरता दिइनेछ। दलित समुदायद्वारा सञ्चालित उद्योगहरुको प्रवर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । महिलाहरूको आर्थिक सशक्तीकरण, स्वरोजगार तथा उद्यम विकासलाई प्रोत्साहन गर्न **"द्वारिका देवी ठकुरानी महिला उद्यमशीलता कार्यक्रम"** सञ्चालन गरिनेछ ।

२४. **"पर्यटन पूर्वाधारः समृद्ध प्रदेशको आधार"** भन्ने नाराका साथ प्रदेशभरिका धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक र सीमसार तथा ताल तलैया क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनका लागि **"बाकावीर पर्यटन प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गरिनेछ। देवाटवी धार्मिक पर्यटन सर्किटको निर्माण कार्य प्रारम्भ गरिनेछ । प्रदेशका ९ वटै जिल्लामा धार्मिक पर्यटकीय क्षेत्रहरूको संरक्षण र सम्बर्द्धन गरी देवाटवी सर्किटमा जोड्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२५. प्रदेशका प्रमुख प्राकृतिक पर्यटकीय स्थलहरुलाई आरोग्य पर्यटन हबको रुपमा विकास गरिनेछ। यसका लागि आरोग्य पर्यटन सम्बन्धी क्षमता अभिबृद्धि, प्रवर्द्धनात्मक एवम् पूर्वाधार विकास लगायतका कार्य अगाडि बढाइनेछ । बडिमालिका क्षेत्रको एकिकृत विकास योजना बनाई लागु गरिनेछ। निजी क्षेत्रसँगको सहकार्यमा बडिमालिका क्षेत्रमा टेन्ट क्याम्पिङ्ग (Tented Camping) मार्फत पर्यटक

आकर्षण तथा पर्यटन सेवा प्रवर्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । खानीडाँडा, चिसापानी, राजकाँडा र मलास क्षेत्रलाई हिलस्टेसनको रूपमा विकास गरिनेछ ।

२६. खप्तडक्षेत्रमा विद्युत, यातायात, पदमार्ग, होमस्टे, होटल जस्ता भौतिक पूर्वाधारको निर्माण तथा व्यवस्थापन गर्नका लागि राष्ट्रिय निकुन्ज र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । पर्यटकहरुको सुरक्षा, सरसफाई, मेला व्यवस्थापन आदिलाई थप व्यवस्थित बनाउन खप्तड विकास गुरूयोजनालाई अद्यावधिक गरी पर्यटन पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ । नेपाल विद्युत प्राधिकारणसँगको समन्वय र साझेदारीमा खप्तड र बडिमालिका क्षेत्रमा आगामी आर्थिक वर्षमा नै विद्युत सेवा पुऱ्याउने गरी आवश्यक कार्य सञ्चालन गरिनेछ ।

२७. **अपि-सुर्मा-सैपाल-खप्तड-रानीसैन-बडिमालिका-रामारोशन** क्षेत्रमा उच्च पहाडी तथा हिमाली पर्यटन प्रवर्द्धन तथा पदमार्ग निर्माण गरी प्रदेशलाई आकर्षक तथा सुरक्षित पर्यटन गन्तव्यको रूपमा विकास गरिनेछ । हिमाल बेसक्याम्प जाने पहुँच मार्गहरु निर्माण तथा स्तरोन्नती गरिनेछ । दार्चुला जिल्लाको व्यासमा व्यास ऋषिको प्रतिमा स्थापना गरिनेछ । कञ्चनपुर जिल्लामा रहेको भम्केनी धामको संरक्षण र विकास गरिनेछ ।

२८. **"सामुदायिक वन, प्रदेशको धन"** भन्ने नाराका साथ वन पैदावारलाई आर्थिक विकास एवम् स्थानीय रोजगारीको साधनको रूपमा उपयोग गर्ने नीति लिइनेछ । सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता र सुशासन अभिवृद्धि गरिनेछ ।

२९. वनक्षेत्रको व्यवस्थापन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ । स्थानीय, रैथाने, लोपोन्मुख प्रजाति र उच्चमूल्यका जडिबुटीको खोज तथा अनुसन्धान, उत्पादन, प्रशोधन र बजारिकरणका माध्यमबाट मूल्य श्रङ्खला निर्माण गर्न जडिबुटी पकेट क्षेत्र

प्रवर्द्धन गरी  जडिबुटी प्रशोधन र प्रमाणिकरणको कार्य अगाडि बढाइनेछ। वन तथा वातावरण विषयसँग सम्बन्धित विद्यार्थीहरूका लागि अध्ययन, अनुसन्धान र ईन्टर्नशिप कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. नदी तटीय क्षेत्रमा बाँस, बेत, सिसम, खयर, सिमल लगायतका प्रजातिको वृक्षारोपण गरी स्थानीय उद्योगका लागि कच्चा पदार्थ उत्पादन गरिनेछ । काष्ठजन्य तथा जडिबुटीजन्य कच्चापदार्थ प्रदेशमै प्रशोधन गरी निकासी गर्न प्रोत्साहित गरिनेछ । प्रदेशस्थित सार्वजनिक निकायका पूर्वाधार निर्माण तथा कार्यालय फर्निचर निर्माणमा स्वदेशी काठको र फ्लोरिङ्गमा स्थानीय स्लेटको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

३१. चुरे लगायतका संवेदनशील जलाधारहरूको प्रभावकारी र दिगो ब्यवस्थापनका लागि भू-संरक्षण कार्यक्रम, एकीकृत जलाधार ब्यवस्थापन कार्यक्रम र आकस्मिक जल उत्पन्न प्रकोप न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. गरीब, विपन्न तथा सीमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी कबुलियती वन, कृषि वन र जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ । खर्क क्षेत्र (रेन्जल्याण्ड) को व्यवस्थापनका लागि गुरूयोजना निर्माण गरिनेछ ।

३३. मानव-प्रकृति सहअस्तित्व कायम गर्न मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, डढेलो नियन्त्रण र वन्यजन्तु उद्धारका लागि निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक उपायहरू अवलम्बन गरिनेछ । सरोकारवाला निकायकहरुको समन्वयमा जडिबुटी तथा वन्यजन्तुको चोरी निकासी एवं पैठारी नियन्त्रण गर्न आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ । साथै सरोकारवाला निकायसँगको सहकार्यमा मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण गर्न फलफूल, तरकारी, मसला, भाँगो, अकबरे खुर्सानी, टिमुर लगायतका बालीहरूको उत्पादन प्रवर्द्धन गरिनेछ ।

३४. जैविक मार्गमा रहेका वन अतिक्रमण क्षेत्र खाली गराई वन क्षेत्र कायम गरिनेछ । वनक्षेत्रमा हुने अतिक्रमण नियन्त्रण गरी विगतमा भएका अतिक्रमण हटाउने कार्यलाई निरन्तरता दिइनेछ । हरियाली प्रवर्द्धनका लागि नर्सरी सञ्चालन तथा विरुवा उत्पादन, वृक्षारोपण कार्यक्रमलाई विस्तार गरिनेछ । दिगो वन व्यवस्थापन कार्यविधि तयार गरी लागु गरिनेछ । बडिमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा गरिनेछ ।

३५. स्थानीय तहको सहकार्यमा जलवायु उत्थानशील पारिस्थितीकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ । जलवायु उत्थानशीलता सुनिश्चित गर्न वर्षातको पानी संकलन तथा व्यवस्थापन प्रणालीमा परम्परागत ज्ञान, अभ्यास र स्थानीय स्रोतहरूलाई आधुनिक प्रविधिहरूसँग एकीकृत गरिनेछ ।

३६. बजार अनुगमन र गुणस्तर परीक्षण कार्यलाई थप प्रभावकारी र नियमित बनाई गुणस्तरीय उपभोग्य वस्तुको सर्वसुलभ आपूर्तिको सुनिश्चितता गरी उपभोक्ताको हकहित संरक्षण गरिनेछ ।

**माननीय सदस्यहरू,**

३७. **"मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम"** अन्तर्गत प्रदेश सरकारका अस्पतालहरुमा प्रयोगशाला, आकस्मिक सेवा, शल्यक्रिया तथा सघन उपचार कक्ष, फार्मेसी, रेडियोलोजी विभाग लगायतका अत्यावश्यक सेवालाई थप स्तरोन्नति गरिनेछ । सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टिकापुर अस्पताललाई १०० शैय्या क्षमतामा विस्तार गरिनेछ। साथै दार्चुला, बाजुरा, बझाङ्ग, बैतडी, अछाम र डोटी जिल्ला अस्पतालहरूलाई बिरामीको चाप अनुरुप न्यूनतम २५ देखि ५० शैय्या क्षमतामा विस्तार गरिनेछ। जिल्ला अस्पतालमा हाडजोर्नी, बालरोग, स्त्री तथा प्रसूति, दन्त, फिजियोथेरापी लगायतका विशेषज्ञ सेवाहरुको क्रमशः विस्तार एवं विकास गरिनेछ ।

३८. गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितताका लागि निजी अस्पताल, क्लिनिक, फार्मेसी, प्रयोगशाला लगायतका स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गर्ने प्रणालीलाई प्रदेश कानून बनाई थप व्यवस्थित र सुदृढीकरण गरिनेछ ।

३९. कैलाली र कञ्चनपुरमा थारु समुदाय लक्षित सिकेलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको पहिचान, निदान र उपचारको व्यवस्थाका लागि **"घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम"** लाई निरन्तरता दिईनेछ ।

४०. **"प्रदेशको समृद्धिका लागि स्वस्थ नागरिक"** भन्ने नाराका साथ स्थानीय तहका आधारभूत अस्पतालहरुबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित बनाउन संघ सरकार र सम्बन्धित स्थानीय तहसंग सहकार्य गरिनेछ । स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य तालिम केन्द्र लगायतका निकायहरु मार्फत आधारभूत स्वास्थ्य सेवा सुदृढीकरणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । नि:शुल्क उपलव्ध गराइने औषधिहरुको उपलब्धतालाई सर्वसाधारणका लागि सहज हुनेगरी व्यवस्थित बनाइनेछ ।

४१. **"मेरो स्वास्थ्यः मेरो जिम्मेवारी"** भन्ने नारा सहित नसर्ने तथा मानसिक रोग न्यूनीकरणका लागि स्वास्थ्य कार्यालय मार्फत नसर्ने रोग सम्बन्धी योजना, कार्यान्वयन गरिनेछ । प्रदेशभित्र स्थानीय तह, निजी तथा गैर सरकारी क्षेत्रको सहकार्यमा सार्वजनिक स्थानहरुमा खुला व्यायामशाला, प्राकृतिक चिकित्सा, ध्यान तथा योग, आरोग्य केन्द्रहरु आदि स्थापना र सञ्चालन गरिनेछ ।

४२. प्रादेशिक आयुर्वेद चिकित्सालयलाई ५० शैय्या क्षमतामा स्तरोन्नती गरिनेछ । साथै जिल्ला स्थित आयुर्वेद स्वास्थ्य केन्द्रको सुदृढीकरण गरिनेछ । प्रदेश स्तरमा आयुर्वेद औषधि उत्पादन केन्द्र स्थापना गरिनेछ ।

४३. बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिलाहरुको पोषण अवस्था सुधारका लागि विद्यालय र समुदायमा आधारित स्वास्थ्य तथा पोषण प्रवर्द्धन सहित **पोषण सुरक्षा कार्यक्रम** लागू गरिनेछ । कडा कुपोषण भएका बालबालिकाहरुलाई पोषण पुनर्स्थापना केन्द्रसम्म पहुँच सुनिश्चित गर्न सम्बन्धित जिल्लाका सरकारी अस्पतालहरु मार्फत आकस्मिक प्रेषणको व्यवस्था मिलाइनेछ ।

४४. **"प्रत्येक आमाको हक-सुरक्षित गर्भ, सुरक्षित जीवन"** भन्ने नारा सहित मातृ तथा बाल मृत्युदर न्यूनीकरण गर्नका लागि **"ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम"** लाई निरन्तरता दिइनेछ । महिलाको पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने रोग तथा मुटु, कलेजो र मृगौला सम्बन्धी रोगको पहिचान एवं निदान गर्न सबै जिल्लामा विषेशज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

४५. **"स्वास्थ्यमा प्रविधि, समृद्धिमा गति"** भन्ने नारा सहित बिशेषज्ञ चिकित्सा सेवाको पहुँच बढाउन टेलिहेल्थ कार्यक्रम संचालन गर्दै प्रदेश मातहतका अस्पतालहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको थप विस्तार र व्यवस्थापन गरिनेछ ।

४६. स्थानीय तहसँगको सहकार्यमा अपांगता भएका व्यक्तिहरुको पुनर्स्थापनाका लागि सहायक सामग्री वितरण र समुदायमा आधारित पुनर्स्थापनाका क्षेत्रमा आवश्यक सहयोग गरिनेछ । बौद्धिक अपाङ्गता र अटिजम भएका बालबालिकाहरूको स्क्रिनिंग सेवा जिल्ला स्तरमा सुरुवात गरिनेछ ।

४७. **"स्वास्थ्य बीमाको साथ, सेवामा विश्वास"** भन्ने नाराका साथ महिला स्वास्थ्य स्वयम् सेविका विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशभित्रका अस्पतालहरूमा रहेका सामाजिक सुरक्षा इकाईलाई सुदृढ गरिनेछ। जोखिममा रहेका, सीमान्तीकृत र विपन्न वर्गका लागि लक्षित विशेष कार्यक्रम लागू गर्दै स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तार गरिनेछ ।

४८. सेती, महाकाली र टिकापुर अस्पतालबाट प्रदान गरिदै आएको मृगौला डाईलाइसिस सेवालाई सुदृढ बनाउन मौजुदा संख्यामा क्रमशः पाँच, चार र तीन शैय्या थप गर्ने तथा बयलपाटा प्रादेशिक अस्पतालमा २ शैय्या, जोगबुढा प्रादेशिक अस्पतालमा २ शैय्या, लम्कीचुहा प्रादेशिक अस्पतालमा ५ शैय्या र अन्य जिल्ला अस्पतालहरूमा समेत न्यूनतम २ शैयाको डाईलासिस सेवा विस्तार गरिनेछ। सेती प्रादेशिक अस्पतालमा क्याथल्याब स्थापना गरिनेछ।

४९. डोटी जिल्लामा निर्माण भएको प्रदेश सरूवा रोग अस्पतालको सञ्चालन कार्ययोजना तर्जुमा गरी कार्यान्वयमा ल्याइनेछ ।

५०. प्रादेशिक अस्पतालहरूमा रहेका जेष्ठ नागरिक इकाईहरुको स्तरोन्नति गर्दै सेती, महाकाली र टीकापुर अस्पतालहरूबाट एकल महिला, 'क' वर्गको अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुलाई निःशुल्क परीक्षण र औषधि व्यवस्थापनलाई निरन्तरता दिईनेछ । जिल्ला अस्पतालहरुबाट संचालन गरिने सेवाहरुलाई जेष्ठ नागरिक मैत्री बनाउदै लगिनेछ ।

५१. प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रका एक-एक वटा माध्यमिक विद्यालयहरूलाई प्रदेश नमूना विद्यालयका रूपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । डोटीमा रहेको **निजामती कर्मचारी आवासीय विद्यालय**लाई प्रदेशको नमूना विद्यालयको रूपमा विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

५२. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयलाई संरक्षण र प्रोत्साहनका लागि सहयोग गरिनेछ । स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता, प्रोत्साहन र सहयोग गरिनेछ ।

५३. अपाङ्गता भएका तथा सिमान्तकृत वर्गका बालबालिका लक्षित प्रोत्साहनमूलक कार्यक्रम मार्फत शिक्षालाई सर्वसुलभ एवम् समावेशी बनाइनेछ । बादी समुदायका बालबालिकाहरुको विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षामा सहज पहुँचको लागि **"बादी उत्थान छात्रवृत्ति कार्यक्रम"** लाई निरन्तरता दिइनेछ । सुदूरपश्चिम विश्वविद्यालयसँग समन्वय गरी केन्द्रीय क्याम्पस, महेन्द्रनगर र कैलाली बहुमुखी क्याम्पस, धनगढीमा बाह्य जिल्लाबाट उच्च शिक्षा अध्ययनका लागि आउने विपन्न र उत्पीडित विद्यार्थीहरूका लागि छात्रावास निर्माण गरिनेछ ।

५४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी प्रादेशिक रणनीति तर्जुमा गरिनेछ । औद्योगिक प्रशिक्षार्थी तालिम, पूर्व सिकाईको मान्यता विधिबाट सीप परीक्षण तथा प्राविधिक शिक्षाको गुणस्तर सुधारका लागि शिक्षालयहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५५. कमजोर आर्थिक सामाजिक अवस्थाका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, चिकित्सा शिक्षातर्फको एम.वि.वि.एस./एम.डी.जि.पी. अध्ययन गर्न छात्रवृत्ति दिने कार्यक्रमलाई **"मुख्यमन्त्री शैक्षिक प्रोत्साहन छात्रवृति"** कार्यक्रम मार्फत निरन्तरता दिइनेछ । यसरी छात्रवृत्तिमा अध्ययन पूरा गरेका विद्यार्थीहरुलाई प्रदेशको स्वास्थ्य सेवामा परिचालन गर्न कानुनी तथा नीतिगत प्रबन्ध गरिनेछ ।

५६. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन सुदूरपश्चिम विश्वविद्यालय र शहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसँगको सहकार्यमा अनुसन्धान एवम् नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ । साथै शहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय अन्तरगतको मेडिकल कलेज सञ्चालन गर्न प्रदेश सरकारका अस्पतालहरूबाट आवश्यक सहयोग र सहकार्य गर्ने नीति लिइनेछ।

५७. विज्ञान, प्रविधि र नवप्रवर्तन क्षेत्रको विकास एवं, विस्तार र खोज, अन्वेषण,अनुसन्धान र नवप्रवर्तनको प्रवर्द्धन गर्न तथा प्रदेशको समृद्धिको लागि अन्वेषणमा आधारित विकासका आयोजना सञ्चालनमा मद्दत गर्न टिकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको कार्य अगाडि बढाइनेछ ।

५८. उच्च शिक्षामा पहुँच विस्तारसँगै शैक्षिक गुणस्तरमा सुधार गर्न प्रत्येक जिल्लामा एक एक वटा नमूना क्याम्पस सञ्चालन कार्यक्रमलाई निरन्तरता दिन नीतिगत प्रबन्ध गरिनेछ। प्रदेश भित्रका सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुधार तथा क्षमता अभिवृद्धिका लागि सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

५९. शिक्षा तालिम केन्द्रको भौतिक तथा जनशक्ति व्यवस्थापनको कार्यलाई प्राथमिकता दिइनेछ। साविकका शैक्षिक तालिम केन्द्रका भौतिक संरचनाको मर्मत तथा सम्भार गरी तालिम सञ्चालनको व्यवस्था मिलाईनेछ ।

६०. प्रदेश भित्रका भाषा, संस्कृति, कला-साहित्यको पहिचान, संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानको संस्थागत क्षमता विकास गरिनेछ। सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुका लागि प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ ।

६१. प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको खोज, अन्वेषण र संरक्षण एवं अभिलेखीकरण गर्न आवश्यक पहल गरिनेछ । स्थानीय तहहरूसंगको सहकार्यमा संग्रहालय स्थापना र संचालन गरिनेछ ।

६२. धनगढीमा रहेको फाप्ला क्रिकेट मैदानको स्तरोन्नति एवं रंगशाला निर्माणका लागि संघ सरकारसङ्ग साझेदारी गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ । कैलालीको धनगढीस्थित रङ्गशालाको स्तरोन्नती गरिनेछ । राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगितामा उत्कृष्ट भई पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई विशेष

सम्मान सहित प्रोत्साहन गरिनेछ। खेलकुदलाई पर्यटनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन हुने खालका खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ ।

६३. प्रदेशका उच्च शिक्षाको स्नातक र स्नातकोत्तर अन्तिम वर्षमा अध्ययनरत वा परीक्षा दिएर बसेका इच्छुक युवा विद्यार्थीहरूका लागि प्रदेश स्थित क्याम्पस तथा विश्वविद्यालयको समन्वयमा इन्टर्नसिप कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

६४. कार्यस्थलमा हुने लैंगिंक हिंसा, कामदारहरुको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रशिक्षण तथा परामर्श, श्रमिकको स्वास्थ्य परिक्षण, उद्यमशिलताको विकास लगायत मापदण्डका आधारमा उत्कृष्ट श्रमिक उद्यमी पहिचान गरी पुरस्कृत गर्न आवश्यक नीति, कार्यविधि तथा मापदण्ड तर्जुमा गरिनेछ ।

६५. वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको क्षमता अभिवृद्धि तथा अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । मौसमी रोजगारीका लागि भारत जाने नेपाली कामदारहरुलाई रोजगार बिमामा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ । व्यवस्थित तथ्याङ्कीय प्रणालीको विकास गरी रोजगारीका लागि भारत जाने र फर्किने श्रमिकहरूको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ । वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूले सिकेको ज्ञान र सीप अनुसार व्यवसाय गर्न वित्तीय पहुँच सहितका कार्यक्रमहरू संचालन गरिनेछन् ।

६६. अनाथ बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक र विपन्न समुदायलाई आत्मसम्मान सहित सहज र सुन्दर जीवनयापन गर्नका लागि सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमलाई समन्वयात्मक रूपमा प्रदेशस्तरमा संचालन गरिनेछ । यसका लागि **पञ्चवर्षीय प्रादेशिक सामाजिक सुरक्षा रणनीतिक कार्ययोजना** तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६७. सुदूरपश्चिम प्रदेशमा रहेका कलकारखाना र उद्योग प्रतिष्ठानहरुमा काम गर्ने अदक्ष, अर्धदक्ष र दक्ष श्रमिकहरु सहित रोजगारदाताको समेत तथ्याङ्क संकलन गरी अभिलेखिकरणका लागि रोजगार पोर्टल (Job Portal) तयार गरिनेछ । श्रमिकहरुको सीप र क्षमताको आधारमा श्रमिकहरुको सीप परीक्षण केन्द्रबाट सीप प्रमाणीकरण गरिनेछ।

६८. लैंगिक हिंसा पिडित महिला तथा बालबालिकाको संरक्षण एवं पुनर्स्थापनाका लागि प्रदेश सरकारद्वारा निर्माणाधीन दिर्घकालिन पुनर्स्थापना केन्द्र र स्थानीय तह तथा सामाजिक विकास संस्था मार्फत संचालित अल्पकालिन पुनर्स्थापना केन्द्र संचालनमा सहयोग तथा सहकार्य गरिनेछ।

**माननीय सदस्यहरू,**

६९. स्थानीय तह पकेट क्षेत्र विकास अन्तर्गत **"एक पालिका-दुई उत्पादन"** कार्यक्रमलाई आवश्यकता अनुसार परिमार्जन तथा सुदृढीकरण गरी यसको प्रभावकारिता अभिवृद्धि गरिनेछ । कृषि तथा पशुधनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न उन्नत प्रविधि तथा आवश्यक स्रोत साधनमा कृषकहरूको पहुँच सुनिश्चित गरिनेछ। कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण प्रवर्धन गर्ने कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरी प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाइनेछ।

७०. स्थानीय रैथाने बाली/वस्तु उत्पादनमा आधारित खाद्य प्रणालीको विकास गरी दिगो, समतामूलक र समानुकुलित खाद्य प्रणालीको विकास गरिनेछ । प्रदेशभित्र स्थानीय तहहरुमा सञ्चालनमा रहेका प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई क्रमिक रुपमा जोनिङ, विकास तथा संरक्षण गर्ने र प्राङगारिक उत्पादन प्रमाणीकरण एवं बजारीकरण प्रक्रियालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

७१. कृषि उपजमा आधारित तयारी वस्तु तथा उत्पादनहरूको व्यापार व्यवसाय मार्फत सुदूरपश्चिमको पहिचान स्थापना गर्दै आर्थिक समृद्धि तथा गरिबी निवारणका लागि **"भौगोलिक पहिचान भएका विशिष्ट स्थानीय उत्पादनहरु (Geographical Indication-GI)"** लाई प्रवर्द्धन तथा बजारीकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। कोशेली घर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७२. आन्तरिक उत्पादन अभिवृद्धि तथा आयात प्रतिस्थापनलाई लक्षित गरी रासायनिक मल तथा गैर रासायनिक मलको वितरण प्रणालीलाई वस्तुनिष्ठ, पारदर्शी र प्रभावकारी बनाइनेछ । साथै, प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ। सिँचाइ सुविधाको दिगो विस्तारमार्फत कृषि उत्पादनशीलता वृद्धि गरिनेछ। कृषि अनुदान प्रणालीलाई डिजिटल प्रविधिमा आधारित बनाई पारदर्शिता, जवाफदेहीता तथा प्रतिफलमुखी बनाइनेछ।

७३. **"पोखौं पसिना देशमै हाँसेर"** भन्ने मूल नारालाई मार्गदर्शनका रूपमा ग्रहण गर्दै युवा पलायन रोक्न स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले कृषि अध्ययन गरेका, वैदेशिक रोजगारीबाट फर्किएका र नवयुवाहरूको कृषि उद्यमशीलता विकास गरी युवामैत्री, दिगो र व्यवसायमुखी कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ।

७४. प्रदेशमा रहेका फार्म केन्द्रहरुको स्तरोन्नती गरी राष्ट्रिय श्रोत केन्द्रको रुपमा विकास गरिनेछ । फार्म केन्द्रहरुलाई अनुसन्धान तथा विकासको साझा थलोका रुपमा विकास गरिनेछ।

७५. पशु स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच सुनिश्चित गर्न महत्वपूर्ण पशुरोगविरुद्ध पूर्ण खोप, आकस्मिक रोग नियन्त्रण, भेटेरिनरी आपतकालीन सेवा, घुम्ती पशु स्वास्थ्य सेवा, घुम्ती शिविर तथा फार्मस्तरमा विज्ञ सेवा सञ्चालन गरिनेछ। साथै, "एक

स्वास्थ्य" रणनीति अनुरूप जुनोटिक रोग नियन्त्रण तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरणमा विशेष जोड दिइनेछ ।

७६. प्रदेश तथा जिल्ला तहमा रहेका कृषि क्षेत्रका प्रयोगशालाहरूको गुणस्तर, क्षमता र पहुँच अभिवृद्धि गर्न आवश्यक भौतिक पूर्वाधार, आधुनिक उपकरण, दक्ष जनशक्ति र कानुनी व्यवस्था, विकास तथा सुदृढीकरण गरिनेछ । **"जनताको घरदैलोमा सरकार"** को अवधारणाअनुरूप प्रयोगशाला सेवाको विस्तार गरी कृषकको घर-खेतसम्म छिटो, सहज र गुणस्तरीय परीक्षण सेवा तथा प्रतिवेदन उपलब्ध गराइनेछ।

७७. कृषि उपजको उचित मूल्य सुनिश्चित गर्न बजारसँग कृषकको प्रत्यक्ष पहुँच अभिवृद्धि गर्न कृषि बजार सूचना प्रणाली सञ्चालन गर्ने तथा एसएमएस/डिजिटल माध्यमबाट दैनिक बजार मूल्य तथा सूचनाहरू कृषक तथा उपभोक्तासम्म सहज र समयमै पुऱ्याउने व्यवस्था मिलाइनेछ । संघ, प्रदेश र स्थानीय तहको समन्वयमा स्थान, समय तथा माग सुहाउँदो बजार पूर्वाधारको विकास गरि निश्चित बाली वस्तुको खरिदको सुनिश्चतताको व्यवस्था मिलाइनेछ ।

७८. कृषि प्रसार सेवालाई सुदृढ, समावेशी, प्रविधिमैत्री र डिजिटल बनाउँदै कृषकसम्म ज्ञान, सीप, प्रविधि तथा सूचनाको प्रभावकारी र समयोचित पहुँच सुनिश्चित गरिनेछ। कृषकका समस्याहरूको शीघ्र, प्रभावकारी तथा सहज सम्बोधन सुनिश्चित गर्न निर्देशनालयमा निःशुल्क कल सेन्टर स्थापना गरिनेछ ।

७९. प्रकृति र संस्कृतिलाई जोड्दै जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलन प्रविधिको विकास तथा उपयोग गर्ने गरी **जलवायुमैत्री नमूना गाउँ कार्यक्रम,** पर्यावरणीय कृषि तथा प्राकृतिक कृषि कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

८०. कृषि तथा पशु पन्छी तालिम केन्द्रहरूलाई सीप विकास, सिकाइ तथा व्यवसाय प्रारम्भका निम्ति व्यवहारिक ज्ञानको साझा थलोका रूपमा विकास र सुदृढीकरण

गरिनेछ। **पुनर्वास स्थित राष्ट्रिय आवास कम्पनी**सँग सम्झौता भएको जग्गामा उत्पादन, अनुसन्धान तथा प्रदर्शन कार्यलाइ प्राथमिकता दिईनेछ।

८१. वर्णशंकर समेत गुणस्तरीय बीउबिजन, बिरुवा, गड्डी भैसी, नौ मुठे गाई, स्थानीय कुखुरा, स्थानीय बाख्रा, स्थानीय सुँगुर लगायतको नश्ल संरक्षण एवं प्रवर्द्धन गर्ने र भुरा आपूर्तिमा प्रदेशलाई आत्मनिर्भर बनाउँदै लगिनेछ । प्रदेशको पहिचान सहित अन्य प्रदेशमा आपूर्तिका लागि विशेष कार्यक्रम ल्याइनेछ।

८२. कृषि बीमाको दायरा विस्तार गरी सामुदायिक कृषि बीमाको पाइलट परियोजना सञ्चालन गरिनेछ । कृषकहरूलाई प्रदान गरिने राहत वितरण कार्यक्रमलाई छिटो, सरल तथा प्रभावकारी बनाउन आवश्यक प्रक्रियागत सुधार गरिनेछ ।

८३. कृषक पहिचान कार्यक्रमलाई प्राथमिकता दिँदै कृषि ऋणमा ब्याज अनुदान, प्रतिफलमा आधारित अनुदान, यान्त्रिकीकरण प्रवर्द्धन, कृषि एम्बुलेन्स, कृषि तथा पशुपन्छी उद्योग कार्यक्रम, स्थानीय उत्पादनमा आधारित दिवा खाजा, पढ्दै कमाउदै, विद्युत् महसुल तथा भन्सार शुल्कमा अनुदान, तथा कृषि पर्या-पर्यटन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८४. निजी क्षेत्र सँगको सहकार्यमा उच्च पहाडी जिल्ला बाजुरा, बझाङ्ग र दार्चुलामा बृहत्तर भेडा-बाख्रापालन कार्यक्रम सञ्चालन गरिनेछ। सोका लागि निजी क्षेत्र, कृषि विकास बैंक समेतको सहकार्यमा बाजुरा जिल्लाको उतरपूर्वी क्षेत्रमा नमूना परीक्षण परियोजना लागु गरिनेछ । भेडा-बाख्रामा आधारित उद्योग तथा उद्यमशीलताको विकास र प्रवर्द्धन गर्दै औद्योगिक मूल्य शृंखलामा आबद्ध गरी ऊन प्रशोधन तथा गलैचा उद्योग प्रवर्द्धन कार्यलाई प्राथमिकता दिइनेछ ।

८५. स्थानीय तहसँगको सहकार्यमा छाडा पशु व्यवस्थापन गर्न सामुदायिक गौशालाहरूको संरक्षण गरी बहुउद्देश्यीय व्यावसायिक उत्पादन केन्द्रका रूपमा विकास गरिनेछ ।

गौशालामा आहार व्यवस्थापन, गौमूत्र, गोबर मल, जैविक मल तथा पशुजन्य उत्पादनहरूलाई प्रवर्द्धन गरिनेछ र सार्वजनकि-निजी साझेदारी मोडेलमार्फत संस्थागत सुदृढीकरण तथा आर्थिक दिगोपन सुनिश्चित गरिनेछ ।

८६. सहकारी संस्थाको सबलीकरण, सुदृढीकरण र प्रभावकारी नियमन गर्दै सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ। सहकारी संस्थाहरूमा सुशासन प्रवर्धन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

८७. प्रदेशभित्र रहेका मुक्त हलिया, मुक्त कमैया तथा कमलरीहरूको क्षमता अभिवृद्धि, आयआर्जन र उत्थानशीलताका लागि विशेष कार्यक्रम सञ्चालन गर्दै व्यवस्थित बसोबास सुनिश्चित गर्न स्थानीय, प्रदेश र संघ सरकारबीच समन्वय तथा संयुक्त प्रयासमार्फत पुनःस्थापनको व्यवस्था गरिनेछ ।

**माननीय सदस्यहरू,**

८८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि वैज्ञानिक आधारमा जोखिम मूल्याङ्कन, डिजिटल बहु-जोखिम नक्साङ्कन र पूर्वसूचना प्रणाली विकास गरिनेछ। साथै पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभमा तीनै तहका सरकार, सुरक्षा निकाय, निजी क्षेत्र र समुदायबीच सुदृढ समन्वय कायम गरिनेछ ।

८९. प्रदेश तथा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई स्तरोन्नती गरी प्रविधिमैत्री र प्रभावकारी बनाउँदै चौबिसै घण्टा सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ । विपद् बीमा र दुर्घटना बीमा मार्फत जोखिम हस्तान्तरण कार्यक्रम विस्तार गरिनेछ । खोज तथा उद्धार कार्यका लागि आवश्यक अत्याधुनिक उपकरण, तालिम र जनशक्ति सुदृढ गरिनेछ । साथै विपद् उत्थानशील विकासको अवधारणालाई सबै क्षेत्रगत कार्यक्रममा आन्तरिकीकरण गरिनेछ । विपद्

व्यवस्थापनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूको प्रोफाइल तयार गरी नियमित अद्यावधिक गरिनेछ ।

९०. संघ सरकारसँगको समन्वयमा गड्डाचौकी, त्रिनगर र खक्रौला अन्तर्राष्ट्रिय सिमा नाकालाई व्यवस्थित बनाई चोरी तस्करी एवं अपराध नियन्त्रण गर्नका लागि आवश्यक पहल गरिनेछ । प्रदेश सुरक्षा नीति तर्जुमा गरी संघ सरकारको समन्वयमा आन्तरिक सीमा व्यवस्थापन प्रभावकारी बनाइ अवैध चोरी पैठारीलाई नियन्त्रण गर्ने नीति लिइनेछ । साइबर अपराध, लागूऔषध ओसारपसार, मानव बेचबिखन र घरेलु हिंसा नियन्त्रणका लागि सचेतना र पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

९१. **"सचेत युवा, सुरक्षित भविष्य"** भन्ने नारा सहित नेपाल स्काउटसँगको सहकार्यमा युवा तथा बालबालिकामा सामाजिक सद्भाव, नैतिकता, अनुशासन, नेतृत्व विकास र सेवाभाव प्रवर्द्धन गर्दै लागूऔषध दुर्व्यसन विरूद्धको अभियानमा परिचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

९२. संघ सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश कारागार स्थापना तथा कैदीबन्दीहरूका लागि सीपमूलक, शैक्षिक र मनोसामाजिक कार्यक्रम सञ्चालन गरी कारागारलाई सुधारमुखी तथा पुनर्स्थापना केन्द्रित सुधारगृहको रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

९३. **“मुख्यमन्त्रीको संकल्प : सुशासन र समृद्धिका लागि डिजिटल प्रदेश”** नारा सहित सूचना प्रविधि तथा डिजिटल शासन सुदृढ गर्न हुने गरी **डिजिटल सुदूरपश्चिम फ्रेमवर्क** तयार गरिनेछ । प्रदेश डाटा सेन्टर स्थापनाको कार्य अगाडि बढाइनेछ । सूचना, सञ्चार तथा मिडिया विकासका लागि आमसञ्चार क्षेत्रको क्षमता अभिवृद्धि, नियमन र व्यावसायिकता सुदृढ गरिनेछ । सञ्चार माध्यम दर्ता, नवीकरण र सेवाहरूलाई अनलाईन प्रणालीमार्फत सञ्चालन गरिनेछ ।

९४. प्रदेश सभाको संस्थागत र भौतिक सुदृढीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ । प्रदेश सभा तथा विषयगत समितिका काम कारवाहीहरुलाई डिजिटलाईज गर्नका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

९५. प्रदेशको अधिकारक्षेत्र भित्रका विषयवस्तुहरूमा आवश्यक कानून निर्माण एवं समयानुकूल संशोधन तथा परिमार्जनको कार्यलाई निरन्तरता दिइनेछ । प्रदेश तहका जनप्रतिनिधि तथा कर्मचारीलाई कानून तर्जुमा, विधि, प्रकृया सम्बन्धि तालिम तथा अन्तरप्रदेश असल अनुभव आदान प्रदान लगायतका क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

९६. प्रदेशबाट जारी भएका मौजुदा कानूनको उत्तर विधायिकी परीक्षणको कार्य शुरूवात गरिनेछ । प्रदेश सरकारले तर्जुमा गर्ने कानून निर्माण प्रकृयामा समावेशी र दिगो विकास जस्ता विषयलाई आत्मसात गर्दै समयानुकूल बनाइनेछ ।

९७. सरकारी मुद्दाको बहस पैरवीलाई प्रभावकारी बनाउन अनलाईन बहस पैरवी प्रणाली विकास गर्न आवश्यक भौतिक संरचना र सूचना प्रविधि संयन्त्रको व्यवस्था गरी प्रदेश सरकार विरुद्ध दायर मुद्दामा प्रदेश सरकारका तर्फबाट बहस पैरवी तथा प्रतिरक्षा गर्ने कार्यलाई सरल र प्रभावकारी बनाइनेछ । प्रदेशस्थित कारागार तथा बाल सुधार गृहमा मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**माननीय सदस्यहरू,**

९८. प्रदेशको स्थायी राजधानीका निर्माणका लागि नेपाल सरकारबाट जग्गाको भोगाधिकार प्राप्तिका लागि आवश्यक पहल गरिनेछ । साथै, प्रदेश राजधानीका लागि भौतिक पूर्वाधार एवं संरचनाहरूको निर्माण कार्य अघि बढाइनेछ ।

९९. प्रदेशका सबै सार्वजनिक संयन्त्रलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र उत्तरदायी बनाइनेछ । भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाइकासाथ लागु गरिनेछ ।

१००. प्रशासनिक संयन्त्रलाई दक्ष, सक्षम र प्रविधीमैत्री बनाउन कर्मचारी क्षमता विकास, नेतृत्व विकास र कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणाली लागू गरिनेछ । प्रदेश निजामती सेवा र स्थानीय सेवासँग सम्बन्धित ऐन कानूनहरूमा समसामयिक सुधार एवं पुनरावलोकन गरिनेछ । प्रदेश र स्थानीय तहका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।

१०१. प्रदेश मातहतका निकायहरूको संस्थागत पुनर्संरचना र दरवन्दी पुनरावलोकन गर्नका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अगाडि बढाइनेछ । अनुत्पादक र कम प्रभावकारी रहेका वा कार्यक्षेत्रमा दोहोरोपना रहेका निकायहरूको एकीकरण वा कटौती गर्ने र उपयुक्त आकारमा ल्याउने नीति लिइनेछ ।

१०२. अन्तर सरकारी समन्वयलाई सुदृढ बनाइनेछ । प्रदेशको विकासको लागि महत्वपूर्ण मानिने आयोजनाहरुमा तीनै तहका सरकारको साझेदारी र समन्वय स्थापित गरिनेछ।

१०३. प्रदेश सरकारका निकायहरूबाट हुने सेवा प्रवाहलाई सूचना प्रविधीमैत्री बनाउन आवश्यक पहल गरिनेछ । नागरिकलाई छिटो, सरल र सहज सेवा उपलब्ध गराउन एकीकृत सेवा प्रणाली, सेवा समय सीमा र गुनासो व्यवस्थापन संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

१०४. प्रदेश सरकार मातहतका निकायहरूमा सेवा प्रवाहका सम्बन्धमा आउने गुनासो न्यूनीकरण गर्न सूचना प्रविधीयुक्त गुनासो सुनुवाई प्रणाली अभिवृद्धि गरिनेछ । **हेलो सि.एम. कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

१०५. प्रदेशभित्रका महत्वपूर्ण विकास आयोजना एवं गतिविधिहरूको प्रत्यक्ष नियमित अनुगमन गर्न, विपद्को समयमा शीघ्र सूचना आदान प्रदान गर्न तथा मन्त्रालयहरुको नियमित प्रगती अनुगमन गर्न समेत सहयोग पुग्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अत्याधुनिक प्रविधियुक्त डिजिटल नियन्त्रण र अनुगमन कक्ष **"सि.एम. एक्सन रूम तथा कमाण्ड सेन्टर"** स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०६. योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन गरी स्वच्छ, निष्पक्ष र प्रभावकारी रुपले प्रदेश निजामती सेवा र स्थानीय सेवाका रिक्त पदमा पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगलाई स्रोत साधन सम्पन्न बनाइनेछ ।

१०७. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरी अध्ययन अनुसन्धान एवं प्रशिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

१०८. राष्ट्रिय किताबखाना (निजामती) सँग आवश्यक समन्वय र सहकार्य गरी प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश किताबखाना स्थापना तथा सञ्चालन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

**माननीय सदस्यहरू,**

आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध र सबल सुदूरपश्चिम प्रदेश निर्माण गर्ने सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म हासिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धि संस्थागत हुनुको साथै आगामी विकासको प्रक्रिया थप गतिशील हुनेछ । प्रभावकारी र नतिजामुखी सेवा प्रवाह भई विकास निर्माणमा तीव्रताका साथै सुशासनको प्रत्याभूति हुनेछ । प्रस्तुत नीति तथा

कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट राष्ट्रिय र प्रादेशिक हित, गौरव, स्वाभिमान र सम्मान अभिवृद्धि हुने भएकाले यसमा प्रदेश सभाको समर्थन र यसको कार्यान्वयनमा सबैबाट सदाझैं प्रदेश सरकारलाई सक्रिय सहयोग रहने कुरामा विश्वस्त छु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, सहकारी, निजी क्षेत्र, गैरसरकारी संघसंस्था, किसान, श्रमिक वर्ग, उद्योगी, व्यवसायी, नागरिक समाज, आम सञ्चारजगत र सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट उच्च सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

सम्वत् २०८३ साल जेठ १८ गते सोमवार ।